# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- २०

मितिः- २०८२।०३।०५ गते बिहीबार

बैठक प्रारम्भः- दिनको १२:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको २० औं बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं.=वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नरेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देबराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती निखरी | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- २०

मितिः- २०८२।०३।०५ गते बिहीवार

बैठक प्रारम्भः- दिनको १२:०० बजे

चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, संखुवासभा कोशी प्रदेश, नेपाल स्था: २०७१

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. नगर सभा वर्षे अधिवेशनको तयारी सम्बन्धमा ।

३. स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा ।

४. विविध

क. सिफारिस समिति गठन सम्बन्धमा ।

ख. श्री संखुवासभा ब्राइट फ्युचर इङगलिस स्कूलको कक्षा संचालन सम्बन्धमा ।

ग. खेलमैदान स्तरउन्नतिको कार्य सम्बन्धमा ।

घ. विपन्न नागरिकलाई सहायता तथा अन्य विपद् सहयोग सम्बन्धमा ।

२०८२।०३।०५

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

[signature] कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- २०

मितिः- २०८२।०३।०५ गते बिहीबार

बैठक प्रारम्भः- दिनको १२:०० बजे

<u>निर्णयहरु</u>

<u>निर्णय नं. १.</u> प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२ जेष्ठ ५ गते बसेको १९ औं कार्यपालिका बैठकको समिक्षा गर्दा प्रस्ताव नं.२,३,४,५,६र ७ विविध क,ख,ग,घ,ङ,च,छ,ज,झ र ञ कार्यान्वयनमा गएको व्यहोरा कार्यपालिका बैठकमा जानकारी गर्ने निर्णय गरियो।

<u>निर्णय नं. २.</u> प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको १७ औं नगर सभा वर्षे अधिवेशन यहि मिति २०८२ असार १० गते विहान ११:०० बजे आव्हान भएको हुँदा उक्त सभामा पेश हुने नीति तथा कार्यक्रममा गहन छलफल गरि मस्यौदा तयार गरियो साथै विषयगत शाखा वडा कार्यालय तथा समपुरक योजना एवं चालु खर्च र नगरमा संचालित क्रमागत योजनाहरुको आगामी वर्षको लागि आवश्यक पर्ने रकमका सन्दर्भमा छलफल गरि खाका तयार गरियो ।

<u>निर्णय नं. ३.</u> प्रस्ताव नं. ३ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको आधारभूत तहमा लागू हुने स्थानीय पाठ्यक्रम हाम्रो चैनपुर विषयक पाठ्यक्रम तयारी गरि स्वीकृतिका लागि नगर शिक्षा समितिको मिति २०८२ जेष्ठ १८ गतेको निर्णयअनुसार कार्यपालिका बैठकमा पेश भएको हुँदा उक्त पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४ विविध</u>

क. चैनपुर नगरपालिका कर्मचारीहरुको तह वृद्धि बढुवा तथा तह मिलान गर्ने सम्वन्धी कार्यविधि २०८० को दफा ५ को उपदफा १ मा व्यवस्था भए बमोजिम सिफारिस समिति रहने तपसिल बमोजिम व्यक्तिहरु तोक्ने निर्णय गरियो ।

तपसिल

१. श्री महेश गौतम

२. श्री मनकुमारी तामाङ

ख. चैनपुर नगरपालिका वडा नं.-१० स्थित श्री संखुवासभा ब्राइट फ्युचर अंग्रेजी विद्यालयको खराङ्गले कक्षा संचालन निरन्तरता सम्वन्धी मिति २०८२ जेष्ठ १८ गते नगर शिक्षा समितिबाट निर्णय भई आएकोले उक्त विद्यालयको कक्षा निरन्तरताको लागि सम्वन्धी निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

ग. चैनपुर नगरपालिका वडा नं.-५ स्थित केरावारी खेलमैदान स्तरउन्नति सम्वन्धमा खेलमैदान निर्माणका लागि जग्गाधनीले मञ्जुरीनामा समेत गरेको र जग्गा रजिष्ट्रेशन पासको लागि प्रक्रिया अगाडी बढि सकेको हुँदा उक्त खेलमैदान स्तरउन्नतिको कार्य अगाडी बढाउने निर्णय गरियो ।

घ. चैनपुर नगरपालिकाको विभिन्न वडाहरुबाट विपद्का कारण क्षति भई सहयोग माग तथा दीर्घरोगीहरु उपचारको लागि आर्थिक सहयोग माग भई आएकोले तपसिल अनुसारको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

अशोककुमार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट लिन प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- २०

मितिः- २०८२।०३।०५ गते बिहीवार

बैठक प्रारम्भः- दिनको १२:०० बजे

तपसिल

| सि नं. | नाम थर | ठेगाना | विपद् | दीर्घरोग | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | चनकवहादुर रोक्का/अर्जुन मुदेल | चैनपुर ५ | | | रु.३२०००। | विपन्न जस्तापाता खरिद |
| २ | शकुन्तला अधिकारी | चैनपुर २ | | | रु.२००००। | लडेर घाइते |
| ३ | रामकुमार जिमी | चैनपुर १० | विपद् | | रु.३००००। | जस्तापाता खरिद |
| ४ | मान वहादुर रानामगर | चैनपुर ९ | | | रु.१००००। | रोगी |

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक बेलुकी ६:३० बजे यही अन्त्य गरियो।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयवाट समेत प्राप्त गर्न सकिनेछ ।